- यसै नगरपालिकाका कृषकहरुलाई उन्नत विउ उत्पादन सम्वन्धी तालिम दिई धान, गहुँ तथा तरकारीको वीउ कृषक आफैले उत्पादन गरी विकी वितरण गर्ने व्यवस्था मिलाइने छ
- धान तथा गहुँको उन्नत वीऊ वितरणमा कृषकहरुलाई कूल लागतको ५० प्रतिशत अनुदान दिइनेछ ।
- कृषकहरुलाई चाप कटर, पावर टेलर लगायतका कृषि औजार खरिदमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- कृषकहरुलाई मलखादको व्यवस्था कृषि सहकारी मार्फत गर्ने व्यवस्था मिलाइनेछ। मलखान बितरण गर्ने डिलर हरुको संख्यामा बृद्धि गरिने छ ।
- कृषकहरुको क्षमता बिकासको लागि कृषि सम्बन्धि तालिमहरु संचालन गरिनेछन् ।
- कृषि क्षेत्रका जनशक्तिहरुलाई नियमित रुपमा कृषकको घर दैलो सम्म पुर्‍याउने नीति लिईने छ ।
- नगरपालिका भित्रका खेतियोग्य जमीनको माटो परिक्षणका लागि माटो परीक्षण शिविर संचालन गरिने छ ।
- बाख्रा पालक तथा माछा पालक कृषकका लागि पकेट कार्यक्रम संचालन गरिने छ ।
- ब्यवशायिक माछापालक कृषकको ब्यवशाय प्रवर्द्धन गर्न पोखरी खन्न प्रति किसानलाई अनुदान दिइनेछ ।
- एक गाँउ एक उत्पादन को अवधारणा अनुरुप कार्यक्रम ल्याइने छ ।
- यस नगरपालिकामा उत्पादन हुने आँपलाई आफ्नो नाम दिई लेबलिंग गरिनेछ ।
- नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ ।
- उन्नत जातका गाई, भैसी, बंगुर तथा बाख्रापालनलाई प्रोत्साहित गरिनेछ ।
- पशु चौपाया हाटवजारको व्यवमाध्यमद्धारा कृषकहरुको जानकारीका लागि कृषि सम्वन्धी जानकारीमुलक कार्यक्कमहरु संचालन गरिनेछ ।
- अर्गानिक खेति प्रणालीलाई प्रोत्साहन गर्न यस सम्बन्धी तालिम संचालन गरिने छ ।
- बाख्रापालन तथा माछापालनका माध्यमवाट आयआर्जन वृद्धि गर्न पकेट कार्यक्कमहरु संचालन गरिनेछन् । यसका लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- पशु औषधी र पशु खोप कार्यक्रम संचालनका आवश्यक बजेट बिनियोजन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका मासु पसलहरुको अनुगमन गरी स्वस्थ्य मासुको बिकी वितरणलाई प्रोत्साहित गरिनेछ
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बिउ उत्पादन कार्यक्कममा प्रोत्साहन दिई उन्नत बीउ वितरण र पशुको नश्ल सुधारमा अनुदानको व्यवस्था गरिने छ ।

